श्री वडा कार्यलय सवै
शुद्धोधन गाउँ कार्यपालिकाको कार्यलय,
लवनी, कपिलवस्तु ।

मिति २०७८।११।४

## न्यूनतम रोजगारमा संलग्न हुनका लागि निवेदन दिने बारे सूचना ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अर्न्तगत आगामी आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिकाको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भइ विकास निर्माणका कार्यमा योगदान गर्न चाहने १८ देखि ५९ वर्ष उमेर समूहका इच्छुक वेरोजगार नेपाली नागरिकले **२०७९ फाल्गुन मसान्त** सम्ममा सम्वन्धित वडा कार्यलयमा तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै न्यूनतम रोजगारमा संलग्न हुन चाहने व्यक्तिले निवेदन दिँदाको मितिसम्म सोहि आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारिमा संलग्न नभएको हुनु पर्ने, स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोहि आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वरावरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु ५७,७००। भन्दा कम आय भएको हुनु पर्ने छ ।

**आवस्यक कागजातहरु :**

१. नागरिता प्रमाणपत्रको प्रतिलिपि १ प्रति

२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

३. अनुसूचि १ वमोजिम सवै पारिवारिक विवरण उल्लेख भएको निवेदन

पुनश्च : निवेदकले निवेदन पुर्ण रुपमा भरेको हुनुपर्ने र पारिवारिक विवरण ( परिवारका सदस्यहरुको नामथर, निवेदक सँगको नाता, जन्ममिति, नागरिकता नम्वर, जारी मिति र जिल्ला, शैक्षिक योग्यता, हासिल गरेको सीप, रोजगारको अवस्था, सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोषवाट नियमित रुपमा कुनै सहायता लिए/ नलिएको) स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

**कृष्ण प्रसाद ज्ञवाली**
प्रमुख प्रशासकीय अधिकृत

CamScanner